## बैठक संख्या – ५५

आज मिति २०८२ साल चैत्र ८ गते आइतबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बबि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

### उपस्थिती

| क.सं | पद | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | श्री बबि कुमार राई | |
| २. | गाउँपालिका उपाध्यक्ष | श्री दिनेश पौडेल | |
| ३. | वडा अध्यक्ष वडा नं १ | श्री पर्वत राई | |
| ४. | वडा अध्यक्ष वडा नं २ | श्री बल बहादुर श्रेष्ठ | |
| ५. | वडा अध्यक्ष वडा नं ३ | श्री सन्तोष कुमार मगर | |
| ६. | वडा अध्यक्ष वडा नं ४ | श्री विसाल राई | |
| ७. | वडा अध्यक्ष वडा नं ५ | श्री मेघनाथ तामाङ | |
| ८. | वडा अध्यक्ष वडा नं ६ | श्री खडी बहादुर मगर | |
| ९. | वडा अध्यक्ष वडा नं ७ | श्री सुशिल राज चौहान | |
| १०. | वडा अध्यक्ष वडा नं ८ | श्री पूर्ण बहादुर कुवर | |
| ११. | वडा अध्यक्ष वडा नं ९ | श्री सेमन्त राज दाहाल | |
| १२. | कार्यपालिका सदस्य | श्री मखे कुमारी लिम्बु | |
| १३. | कार्यपालिका सदस्य | श्री मेनुका श्रेष्ठ | |
| १४. | कार्यपालिका सदस्य | श्री उषा राई | |
| १५. | कार्यपालिका सदस्य | श्री मातृका देवी दर्जी | |
| १६. | कार्यपालिका सदस्य | श्री इन्दिरा दर्जी | |
| १७. | कार्यपालिका सदस्य | श्री मान बहादुर राई | |
| १८. | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | श्री तेजिन्द्र गौतम | |
| **अन्य उपस्थिती** | | | |
| १. | अधिकृत आठौं | श्री दिपक रोका क्षेत्री | |
| २. | लेखा अधिकृत सातौं | श्री शालीग्राम दाहाल | |
| ३. | अधिकृत छैटौं | श्री रमेश पोखेल | |
| ४. | सु.प्र.अ. | श्री हिमाल घिमिरे | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

प्रस्ताव तथा निर्णयहरु:

<table>
<tr><th>क्र.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>पूर्व बैठक समिक्षा सम्वन्धमा,</td><td>५४ औं कार्यपालिका बैठकका निर्णयहरुको बारेमा समिक्षा गरियो । बैठकमा भएका निर्णयको कार्यान्वयन सन्तोषजनक देखिएको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो ।</td></tr>
<tr><td>२.</td><td>प्रदेश समपुरक योजना छनौट सम्बन्धमा,</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश विराटनगरको च.नं ८८२ मिति २०८२।११।२८ को पत्रानुसार यस गाउँपालिकाको आ.व. २०८३।०८४ का लागि प्रदेश समपूरक अनुदान अन्तर्गत संचालन गरिने तपसिल बमोजिमका आयोजना प्रामिकताको आधारमा सर्वसम्मतले छनौट गरीयो ।<br>तपसिल
<table>
<tr><th>सि.नं</th><th>आयोजनाको नाम</th><th>लागत</th></tr>
<tr><td>१.</td><td>बक्राहा उत्तर शाखरे सडक कालोपत्रे मिक्लाजुङ २, ६</td><td>३,४३,५२,२८७.८०</td></tr>
<tr><td>२.</td><td>हात्तीमारा घिसिङचोक सडक कालोपत्रे मिक्लाजुङ ४</td><td>२,६१,१७,३४८.०८</td></tr>
<tr><td>३.</td><td>रमितेडाँडा पर्यटन फन पार्क</td><td>३,१२,७६,३०४.६०</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>तराई मधेश समृद्धि कार्यक्रमका आयोजना छनौट सम्वन्धमा,</td><td>तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाइ, सिंहदरबार, काठमाडौं को मिति २०८२।११।२५ मा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाबाट आ.व.२०८३।०८४ का लागि तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी आयोजना मागको लागि प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल
<table>
<tr><th>सि.नं</th><th>आयोजनाको नाम</th><th>कुल लागत</th><th>स्थानीय तहको शाझेदारी प्रतिशत</th></tr>
<tr><td colspan="4">कृषि विकास</td></tr>
<tr><td>१.</td><td>मधुमल्ला कृषि बजार पूर्वाधार निर्माण</td><td>४,४८,०९,४९३.६७</td><td>५० प्रतिशत</td></tr>
<tr><td colspan="4">सिँचाई तथा नदी नियन्त्रण</td></tr>
<tr><td>२.</td><td>मावा खोला तटवन्धन, मिक्लाजुङ ७</td><td>२,६१,९७,९२५.२०</td><td>५० प्रतिशत</td></tr>
<tr><td colspan="4">साना सडक स्तरोन्नती</td></tr>
<tr><td>३.</td><td>धोबेनी साखरे रचना कुईनेटार ईलाम सडक कालोपत्रे</td><td>१०५,३११,९८०.९३</td><td>५० प्रतिशत</td></tr>
</table></td></tr>
<tr><td>४.</td><td>संघीय सहरी विकास मन्त्रालयको आयोजना बैंकमा</td><td>संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ, विराटनगरको च.नं ११८९ मिति २०८२।१२।०५ को प्रस्ताव माग गर्ने सम्बन्धि पत्रानुसार यस</td></tr>
</table>

<table>
<tr><th>क्र.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td>समावेश हुने आयोजना छनौट सम्वन्धमा,</td><td>गाउँपालिकाको आ.व. २०८३।०८४ का लागि तपसिल बमोजिमका आयोजना छनौट गरी प्रस्तावना पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>तपसिल
<table>
<tr><th>सि.नं</th><th>आयोजनाको नाम</th><th>लागत</th></tr>
<tr><td>१.</td><td>सुके, खोलागाउँ, बाइसे सडक कालोपत्रे मिक्लाजुङ १</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>२.</td><td>कुइनेटार, शाखरे, धोवेन सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>३.</td><td>बुद्धचोक, सुन्दरीचोक, हात्तिमारा सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>४.</td><td>खोलीटार, संगमचोक, चौतारा सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>५.</td><td>गुसी खोलीटार ५ नं वडा कार्यालय सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>६.</td><td>झाकटेचोक देखि मलामी टहरा हुदै इलाम जोड्ने सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>७.</td><td>लालभित्ति, शुर्यचोक सडक कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>८.</td><td>मावाखोला, नाइटेपानी, मलामी टहरा कालोपत्रे</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>९.</td><td>मधुमल्ला बजार सौन्दर्यकरण तथा फुटपाथ व्यवस्थापन मिक्लाजुङ ७, ९</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
<tr><td>१०.</td><td>मिक्लाजुङ रंगशाला निर्माण मिक्लाजुङ, ७ (गाउँपालिका स्तरिय गौरवको योजना)</td><td>प्राविधिक लागत अनुमान बमोजिम</td></tr>
</table>
उल्लिखित आयोजनाहरुमा जग्गा सम्वन्धि कुनै विवाद नरहेको र बन क्षेत्रको समेत कुनै विवाद नरहेकोले तथा नेपाल सरकारको प्रचलित कानून संग नबाझिने भएकोले सोही बमोजिम प्रतिवद्धता गरी प्रस्ताव पेश गर्ने निर्णय समेत सर्वसम्मतले पारित गरियो ।</td></tr>
<tr><td>५.</td><td>अध्ययन विदा स्वीकृत सम्वन्धमा,</td><td>१. यस गाउँपालिका अन्तर्गत मधुमल्ला अस्पतालमा स्वास्थ्य सेवा, हे.इ. समूह, ज.स्वा.नी. पद छैटौं तहमा कार्यरत श्री पुजा पौड्याल (क.सं.नं २१८२३५) लाई कार्यालयको मिति २०८२।१०।२८ को निर्णयानुसार निजले आफ्नो शैक्षिक योग्यता अभिवृद्धि गर्ने उद्धेश्यले बेलायत स्थित 'University of Wolvezhampton' मा 'Masters by Research Public Health' विषयमा अध्ययनका लागि भर्ना लिई अध्ययन गर्न जान कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १२० (५) बमोजिम वेतलवी अध्ययन विदा दिन सकिने व्यवस्था रहेको र सोही ऐनको दफा १२४ बमोजिम मिति</td></tr>
</table>

CS CamScanner

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | २०८२।११।०१ गते देखि २०८५ माघ मसान्त सम्मको लागि दिइएको वेतलबी अध्ययन विदा स्वीकृतिलाई सर्वसम्मतले अनुमोदन गरियो ।<br>२. यस गाउँपालिका अन्तर्गत मधुमल्ला अस्पतालमा स्वास्थ्य सेवा, क.न. समूह, सि.अ.न.मी. पद पाचौं तहमा कार्यरत श्री सुनिता श्रेष्ठ (क.सं.नं २१५५०२)ले पेश गरेको निवेदन र विराटनगर नर्सिङ क्याम्पस, विराटनगरको च.नं ४१३ मिति २०८२।११।११ को पत्रानुसार निजले नेपाल सरकारको चिकित्सा शिक्षा आयोगको छात्रावृत्ति अन्तर्गत कोटामा छनौट भएको हुँदा माग भए बमोजिम निजलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १२० (१, २, ३, ४) बमोजिम २०८२।११।१४ गते देखि २०८५।११।१३ सम्मको लागि तलवी अध्ययन विदा सर्वसम्मतले स्वीकृत गरियो । |
| ६. | हिउँदे गाउँसभा अधिवेशनको मिति तोक्ने सम्वन्धमा, | आ.व. २०८२।०८३ को स्वीकृत योजना, कार्यक्रम तथा वजेट संशोधन प्रस्ताव पारित गर्न गाउँसभा अधिवेशन (हिउँदे) मिति २०८२।१२।१६ गते १० वजे देखि आह्वान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ७. | सामुदायिक वनको वार्षिक कार्ययोजना स्वीकृत अनुमोदन सम्वन्धमा । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ख.(१) मा सामुदायिक वन उपभोक्ता समूहहरुले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका बाट स्वीकृत गराउनु पर्ने व्यवस्था बमोजिम आ.व. २०८२।०८३ सालको हाल सम्म पेश भएका तपसिल बमोजिमका सामुदायिक वन उपभोक्ता समूहहरुको कार्यालयको विभिन्न मितिमा भएको स्वीकृति सर्वसम्मतले अनुमोदन गरियो ।<br>तपसिल<br>१. श्री हिमाली सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-५ मोरङ<br>२. श्री त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-४ मोरङ<br>३. श्री नमुना सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-६ मोरङ<br>४. श्री कोइली सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-३,४ मोरङ<br>५. श्री चुलाचुली सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-२ मोरङ<br>६. श्री बरडाँडा सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-५ मोरङ<br>७. श्री आँपझोला मिक्लु सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-६,९, मोरङ<br>८. श्री पञ्चमी-दिबु सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-४, मोरङ<br>९. मावा नुनसरी सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-७,८,९, मोरङ र चुलाचुली-६ इलाम<br>१०. श्री नमुना हरियाली सामुदायिक वन उपभोक्ता समूह, मिक्लाजुङ-५, मोरङ । |
| ८. | आ.व.२०८२।०८३ का स्वीकृत योजना, कार्यक्रम | यस गाउँपालिकाको आ.व. २०८२।०८३ का स्वीकृत योजना, कार्यक्रम तथा बजेट संशोधन तथा रकमान्तर प्रस्ताब पेश भएबमोजिमको अनुसुची-१ |

| क्र.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | तथा वजेट संशोधन/रकमान्तर सम्वन्धमा, | स्वीकृत गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । |
| ९. | राष्ट्रिय रोजगार कार्यक्रमको योजना तथा वडा छनौट सम्वन्धमा, | राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत रोजगार आयोजना संचालनको लागि ज्याला रकम रु.१५,७२,०००।– विनियोजन भएको हुंदा सो रकमवाट कार्य गर्ने गरी तपसिल बमोजिमका वडा अन्तर्गत योजना सर्वसम्मतले छनौट गरियो ।<br>तपसिल<br><table><tr><th>सि.नं</th><th>छनौट भएका आयोजना</th><th>संचालन हुने वडा</th></tr><tr><td>१.</td><td>जुरे डाँडा पद मार्ग निर्माण तथा सरसफाई कार्यक्रम</td><td>मिक्लाजुङ १</td></tr><tr><td>२.</td><td>कुइनेटार चुली पोखरी पद मार्ग निर्माण</td><td>मिक्लाजुङ २</td></tr></table> |
| १०. | विविध सम्वन्धमा । | |
| क. | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का सुचक कार्यान्वयन सम्वन्धमा । | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) का तपसिल बमोजिम लगायत अन्य सम्पूर्ण सुचक कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।<br>१. कार्यपालिका बैठक महिनाको एक पटक अनिवार्य बस्ने<br>२. कार्यपालिका बैठक कम्तिमा तीन दिन आगावै बोलाउने र निर्णय तीन दिन भित्र वेवसाइटमा सार्वजनिक गर्ने<br>३. गाउँसभा अधिवेशन कम्तीमा ७ दिन अगावै बोलाउने र निर्णय सात दिन भित्र वेवसाइटमा सार्वजनिक गर्ने<br>४. विषयगत समितिको बैठक बसी प्रतिवेदन पेश भए बमोजिम कार्यपालिका हुँदै गाउँसभामा लगि वजेट स्वीकृत गर्ने<br>५. सम्पन्न आयोजनाको कार्यपालिका बैठकबाट फरफारक गर्ने । |
| ख. | ठेक्का म्याद थप सम्वन्धमा । | यस गाउँपालिकाका स्वीकृत आयोजनाको ठेक्का प्रकृयाद्वारा संचालित तपसिल बमोजिमको आयोजनाको म्याद समाप्त भएको र विविध प्राविधिक र साइटको कारण देखाई आयोजना सम्पन्न हुन नसकेको हुँदा निर्माण व्यवसायीको तर्फबाट म्याद थपको निवेदन पेश भएकोले तपसिल बमोजिम म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । साथै वेतेनी सिमसारको योजनाको सन्दर्भमा संस्कृति पर्यटन मन्त्रालयबाट आ.व. २०७७।०७८ मा स्वीकृत वजेटबाट ठेकेदारको तर्फबाट कार्य सम्पन्न हुन नसकी वजेट फ्रिज भएको र ठेक्का तोड्नको लागि स्वीकृति समेत प्राप्त नभएको हुँदा आगामि आ.व. २०८३।०८४ मा वजेट व्यवस्थापन गरिदिन मन्त्रालयलाई ताकेता गर्ने र अपुग रकम आगामी गाउँसभा अधिवेशनबाट श्रोत सुनिश्चित गरी कार्य सम्पन्न तर्फ अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो । |

CamScanner

<table>
<tr><th>क.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td></td><td>
तपसिल
<table>
<tr><th>SN</th><th>Contract Number</th><th>Project Name</th><th>म्याद सकिएको मिति</th><th>म्याद थप भएको मिति</th></tr>
<tr><td>१.</td><td>12/MRMM/ WORKS/NCB /080/81</td><td>Construction of Motoreble Bridge in Solti Khola</td><td>२०८२ माघ २३</td><td>२०८३ असार २३ सम्म</td></tr>
<tr><td>२.</td><td>12/MRMM/ WORKS/NC B/077/78</td><td>Betani Simsar Sanrakchhan Paryatakiya Chhetra</td><td>२०८२ पौष मसान्त सम्म</td><td>२०८४ असार मसान्त सम्म</td></tr>
</table>
</td></tr>
<tr><td>ग.</td><td>स्रोत सुनिश्चित सम्वन्धमा ।</td><td>यस गाउँपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत योजना लक्ष्मिनारायण मन्दिर सभाहल निर्माणको लागि गाउँपालिका स्तरिय योजना अन्तर्गत (वार्षिक योजना किताबको पेज नं ४८ सि.नं १३) रु. १२,००,०००।— विनियोजन भएकोमा सो कार्यको लागत अनुमान रु. १५,६३,२९९।५७ (With Vat and PS) रहेको हुँदा अपुग रकम रु.३,६३,२९९।५७ बजेटको स्रोत सुनिश्चित गर्न आगामी गाउँसभामा पेश गर्ने मिति २०८२।१०।२९ मा भएको कार्यालयको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।</td></tr>
<tr><td>घ.</td><td>IEE प्रतिवेदन स्वीकृत सम्वन्धमा ।</td><td>मोरङ जिल्लाको मिक्लाजुङ गाउँपालिका भएर बग्ने साखरे खोला र सानो बक्राहा खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्याका लागि राइट पाथ कन्सल्टीङ सर्भिसेस प्रा.लि. विराटनगर-३ मोरङद्वारा सरोकारवालाहरुसंग छलफलपछि पेश भएको वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण १४,५०० घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो ।</td></tr>
<tr><td>ङ</td><td>नदीजन्य पदार्थ उपभोक्ता समितिलाई प्रदान गर्ने सम्वन्धमा ।</td><td>१. यस गाउँपालिकाबाट साखरे खोला र सानो बक्राहा खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्याका लागि नदीजन्य पदार्थको स्वीकृत IEE प्रतिवेदन बमोजिम वडा नं २, ६, ७, ८, ९ बाट हुने उपभोक्ता समितिको कार्य गर्नको लागि सानो बक्राहा खोलाको परिमाण ४,५०० घ.मि. बाट संघीय सरकार र प्रदेश सरकारलाई बुझाउनुपर्ने राजश्व गाउँपालिकाले बुझाउने गरी सो परिमाणबाट वडाको सिफारिसमा गाउँपालिका अध्यक्ष वा उपाध्यक्षबाट स्वीकृत प्राविधिक लागत स्टिमेट बमोजिमको नदीजन्य पदार्थको परिमाण प्रदान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । साथै वडा नं ३, ४, ५ लाई सब-डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय समन्वय गरी आपूर्ति गर्न आवश्यक पहल गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।</td></tr>
<tr><td>च.</td><td>स्टक प्रमाणित सम्वन्धमा ।</td><td>विनिता श्री कन्ष्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. इटहरी सुनसरीको मिति २०८२।१२।०४ को पत्रानुसार आ.व. २०८१।०८२ मा ठेक्का प्रकृयाद्वारा</td></tr>
</table>

CamScanner

| क.सं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| | | उत्खनन् गरी वडा नं ५ स्थित राज कुमार राईले भोगचलन गर्दै आएको ऐलानी जग्गामा स्टक गरी राखेको सोल्टी खोला धानखेती नाकाको प्राविधिक प्रतिवेदन अनुसार १३५४४.२४ घ.मि. ग्राभेल र वडा नं २ स्थित विजय राईले भोगचलन गर्दै आएको ऐलानी जग्गामा स्टक गरी राखेको नुनसरी खोला नाकाको प्राविधिक प्रतिवेदन अनुसार १७७५२.०० घ.मि. ग्राभेल स्टक प्रमाणितको लागि माग भइ आएको सो सम्वन्धमा मिक्लाजुङ गा.पा. ५ नं र २ नं वडा कार्यालयको सिफारिस समेत भइसकेको हुँदा र मिक्लाजुङ गाउँपालिकाको मिति २०८२।०५।१७ गते बसेको अनुगमन समितिको निर्णयानुसार र प्राविधिक प्रतिवेदन बमोजिम जम्मा ३१२९६.२४ घ.मि ग्राभेल देखिएको हुँदा कोशी प्रदेश आर्थिक ऐन २०८२ बमोजिम प्रति घन फिट रु. ०.५ का दरले हुने आउने रु.५५२६०८।१४२६ को १० प्रतिशत विलम्भ शुल्क पश्चातको रु. ६०७८६८।९५ र भ्याट सहित हुन आउने कुल रकम रु.६,८६,८९२।– राजश्व लिई स्टक प्रमाणित गरिदिने निर्णय सर्वसम्मतले पारित गरियो । |
| छ. | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्वन्धमा । | मिक्लाजुङ गाउँपालिका भएर बग्ने साखरे खोला (रचना) र सानो बक्राहा खोलाका विभिन्न वगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिटी र वालुवा उत्खनन् संकलन कार्यका लागि राइट पाथ कन्सल्टीङ् सर्भिसेस प्रा.लि. विराटनगर ले सरोकारवालासंग छलफल पस्चात पेश भएबमोजिमको साखरे खोलाको १०००० घ.मि. र सानो बक्राहा खोलाको ४५०० घ.मि. उत्खनन् गर्न मिल्ने परिमाण उल्लिखित सर्वसम्मतले स्वीकृत गरियो । |

CamScanner